Samaj Anweshan Vol. 3, No. 1 : 14 Apr.2025-17 Oct. 2025
DOI : https://doi.org/10.3126/anweshan.v3i1.81972
Research Article
ISSN: 3021-9035 Print

# परमाणुकारणतावादको सामाजिक उपयोगिता

**माधव घिमिरे**
naman.sarma4@gmail.com

## लेखसार

प्राच्य वाङ्मयभित्र समाहित विभिन्न दर्शनहरूमा गणना गरिएको न्याय र वैशेषिक दर्शनलाई अरू दर्शनहरूको उपकारक मानिन्छ। न्यायदर्शनका प्रणेता महामुनि गौतमले आफ्नो प्रथम अध्यायको प्रथम सूत्रमा प्रमाण, प्रमेय, संशय आदि सोह्र पदार्थहरूको वास्तविक ज्ञानलाई दुःखको निवृत्तिका लागि कारण मानेका छन्। वैशेषिक दर्शनका प्रवर्तक महर्षि कणादले पनि द्रव्य, गुण, कर्म सामान्य विशेष समवायसहित छ प्रकारका पदार्थहरूको यथार्थ ज्ञानलाई मोक्षको कारक मानेका छन्। तत्त्वचिन्तनको प्राच्य परम्परा निश्चित नियम अथवा विधिमा आश्रित रहेकाले आधुनिक सन्दर्भमा पनि उस बेलाको चिन्तन प्रणाली उत्तिकै सान्दर्भिक तथा उपयोगी रहेको छ। यसमा सामाजिक उपयोगिताका दृष्टिले न्यायवैशेषिक दर्शनको परमाणुसिद्धान्तको विवेचन तथा विश्लेषण प्रस्तुत गरिएको छ। वैशेषिक दर्शनका प्रवर्तक कणादद्वारा प्रतिपादित परमाणुसिद्धान्त प्राच्य चिन्तन परम्पराको महत्त्वपूर्ण विषय हो। यसले पदार्थको स्वरूप र कारणसम्बन्धी गूढ व्याख्या प्रस्तुत गरेको छ। न्याय–वैशेषिकले पृथ्वीका सबै द्रव्यहरू परमाणुबाट निर्मित हुन् भन्ने सिद्धान्तमार्फत पदार्थ मीमांसा, कार्यकारण सम्बन्ध र वस्तुको नित्यअनित्यताको विवेचना गर्दछ। यस लेखमा वैशेषिक सूत्र, प्रशस्तपाद भाष्य, तर्कसङ्गत दृष्टान्त र समकालीन दर्शनसँगको केही तुलनात्मक अध्ययन पनि प्रस्तुत गरिएको छ। संसारका सबै पदार्थहरूको वर्गीकरण गरेर पदार्थ विवेचनाको अवधारणा प्रस्तुत गर्ने न्याय–वैशेषिक दर्शनमा प्रतिपादित परमाणुवादले पदार्थहरूको संरचना तथा तिनको परस्पर सम्बन्धका विषयमा गहन सिद्धान्तहरूको विकास गरेको छ। प्रस्तुत लेखमा न्याय–वैशेषिक परमाणुकारणतावादको मूल अवधारणा व्याख्या गर्दै त्यसको सामाजिक उपयोगिताका बारेमा ऐतिहासिक र समकालीन सन्दर्भमा विश्लेषण गरिएको छ। समस्या कथन, उद्देश्य, पूर्वकार्यको समीक्षा, अनुसन्धानविधि तथा निष्कर्ष सबै समेटी वस्तुपरक शैलीमा यो अनुसन्धान प्रस्तुत गरिएको छ।

## शब्दकुञ्जी

न्यायवैशेषिक, प्राच्यदर्शन, तर्कशास्त्र

## विषय प्रवेश

संसारमा सृजित वस्तुहरूको मूल कारण परमाणुहरू भएको सिद्धान्तलाई परमाणुकारणतावाद (Atomic Causal Theory) भनिन्छ। सर्वप्रथम पूर्वमा न्यायवैशेषिक दर्शनमा र पछि पश्चिममा ग्रीक दार्शनिक ल्युसिपस र डेमोक्रिटसका दर्शनमा प्रकट भएको यो सिद्धान्तको वर्तमान समयमा पनि प्रयोगपरक अध्ययन भइरहेको पाइन्छ। प्राच्य दर्शनको इतिहासमा न्यायवैशेषिक दर्शनले ज्ञान, तर्क, पदार्थ र अस्तित्वको प्रकृतिबारे अतिसूक्ष्म विश्लेषण प्रस्तुत गरेको छ। महर्षि गौतमले प्रतिपादन गरेको न्यायदर्शन र महर्षि कणादले प्रवर्तन गरेको वैशेषिक दर्शन एकआपसका परिपूरक दर्शन मानिन्छन्। यसो हुनुमा यी दुई बिचको तात्त्विक विरोध नहुनु प्रमुख कारण हो। न्यायदर्शनको मूलभूत विशेषता भनेको प्रमाणको निरूपण परीक्षण र त्यसको सलक्षण विवेचना हो। त्यसैगरी वैशेषिक दर्शनको मूल

विषय प्रमाणद्वारा जानिने प्रमेय (पदार्थहरू) को सम्यक् ज्ञान गराउनु हो। यी दुवै दर्शनको एकआपसमा घनिष्ठ सम्बन्ध रहेको हुँदा समान तन्त्र मानिन्छ। त्यसैले यस लेखमा न्यायवैशेषिक दर्शनलाई एउटै कोटिमा राखेर तिनमा रहेको परमाणुसिद्धान्तको निरूपण गर्ने प्रयत्न गरिएको छ।

आधुनिक विज्ञानले पदार्थलाई परमाणु र अझ सूक्ष्म कणहरूमा (शर्मा. १९९१, पृ. २३०) विभाजित गरेको छ। तर परमाणुसम्बन्धी यो सोच प्राच्य दर्शनमा न्यायवैशेषिक परम्परामार्फत प्राचीनकालमै विकसित भइसकेको थियो। विशेषगरी परमाणुवाद अर्थात् पदार्थको सूक्ष्मतम् घटक (परमाणु) को स्वरूपको विवेचना गर्ने न्यायवैशेषिक सिद्धान्त प्राच्य चिन्तनपद्धतिको एउटा महत्त्वपूर्ण कडी हो। यो दर्शनको आधुनिक भौतिक विज्ञानले विकास गरेको अणुपरमाणुको सिद्धान्तसँग तुलना गर्दा हाम्रो प्राचीन चिन्तनले पदार्थको मौलिक रचना र त्यसको व्यवहारको जटिलतालाई कति गहिराइसम्म बुझेको थियो भन्ने स्पष्ट हुन्छ। तर परमाणुकारणतावाद दार्शनिक अथवा वैज्ञानिक जिज्ञासा मात्र नभएर यसको सामाजिक उपयोगितासमेत गहन छ।

वर्तमान युगमा विज्ञान, प्रविधि र मानव सभ्यताको उन्नतिसँगै सामाजिक चुनौतीहरू पनि जटिल हुँदै गएका छन्। यस सन्दर्भमा न्यायवैशेषिक परमाणुकारणतावादले कसरी समाजलाई मार्गदर्शन गर्न सक्छ भन्ने प्रश्न अत्यन्तै सान्दर्भिक बनेको छ। प्राच्य दर्शनहरूमध्ये न्यायवैशेषिक दर्शनले तर्क, प्रमाण र पदार्थको सूक्ष्म विश्लेषणका सन्दर्भमा महत्त्वपूर्ण स्थान ओगटेको छ। वैशेषिक दर्शनको मूल लक्ष्य पदार्थका सूक्ष्म कणहरूसम्म पुगेर जगत्को व्याख्या गर्नु हो। न्याय र वैशेषिक दर्शनले द्रव्य, गुण, कर्म, सामान्य, विशेष र समवायजस्ता छ ओटा पदार्थहरूका (अर्याल, २०७८: पृ.३०) माध्यमबाट जगत्का सबै वस्तुहरूको विश्लेषण गर्दछ। न्यायवैशेषिकमा प्रतिपादित परमाणुलाई विभाजन गर्न नसकिने अन्तिम इकाइका रूपमा परिभाषित गरिएको छ। यो न्यायवैशेषिक दर्शनको मुख्य विशेषता हो। यो लेखमा न्यायवैशेषिक परमाणुवादको मौलिक रूपको व्याख्या गर्दै त्यसको सामाजिक उपयोगिताको विभिन्न कोणबाट विश्लेषण गरिनेछ। न्यायवैशेषिक दर्शनमा परमाणुवादसम्बन्धी अवधारणाको व्याख्या कसरी गरिएको छ ?, प्राचीन समाजमा परमाणुवादको प्रभाव र उपयोगिताको मूल्याङ्कन के कस्तो थियो ?, समकालीन समाजमा विज्ञानसँग परमाणुवादको तुलनात्मक विश्लेषणका आधारहरू के हुन् ? र सामाजिक संरचना र व्यवहारमा परमाणुवादको सैद्धान्तिक प्रभावलाई कसरी पहिल्याउन सकिन्छ ? आदि समस्या हुन्। न्यायवैशेषिक दर्शनमा परमाणुवादको अवधारणालाई विस्तृत रूपमा व्याख्या गर्नु। यस लेखको प्राचीन समाजमा परमाणुवादको प्रभाव र उपयोगिताको मूल्याङ्कन गर्नु, समकालीन समाजको विज्ञानसँग यसको तुलनात्मक विश्लेषणको आधार तय गर्नु, सामाजिक संरचना र व्यवहारमा परमाणुवादको सैद्धान्तिक प्रभाव पहिल्याउने उद्देश्य रहेको छ।

न्यायवैशेषिक दर्शनको परमाणुवादका विषयमा केही पूर्वीय र पाश्चात्य विद्वान्हरूले अध्ययन, अनुसन्धान गरेका छन्। राधाकृष्णन् (१९२३) ले भारतीय दर्शनमा पदार्थ र चेतनाको आपसी सम्बन्धको विश्लेषण गरेका छन्। चटर्जी दत्त (१९८४) ले न्यायवैशेषिक दर्शनको वैज्ञानिक पक्षलाई आधुनिक तर्कशास्त्रसँग तुलना गरेका छन्। हरियन्ना (१९९३) ले वैशेषिक दर्शनले पदार्थका अवयवहरूलाई परमाणुमा विभाजन गरेर आधुनिक भौतिकशास्त्रको पूर्वाधार तयार गरेको मान्दछन्। शर्मा (२००४) ले प्राच्य परमाणुवादलाई वैज्ञानिक विचार प्रणालीको एउटा महत्त्वपूर्ण आरम्भिक प्रयासका रूपमा वर्णन गरेका छन्। भट्टाचार्य (२००६) ले प्राच्यदर्शनमा प्रतिपादन गरिएको पदार्थको गहिरो विश्लेषण प्रस्तुत गरेका छन्।

यी र अन्य केही विद्वान्हरूले विभिन्न कालक्रममा परमाणुसम्बन्धी अध्ययन गरेको पाइए तापनि आधुनिक सन्दर्भमा समाजिक उपयोगिताका दृष्टिले यस विषयमा गहिरो अध्ययनको न्यूनता देखिएकाले त्यसकै परिपूर्तिका लागि गहन अध्ययन गरेर यो लेख तयार गरिएको छ।

उपर्युक्त पूर्वकार्यहरूका आधारमा न्यायवैशेषिक परमाणुवाद प्राच्य बौद्धिक परम्पराको एउटा विशेष उपलब्धि भएको स्पष्ट हुन्छ। तर शैक्षिक तथा सामाजिक परिवेशमा न्याय–वैशेषिक परमाणुवादको सामाजिक उपयोगिताको समुचित समीक्षा र विश्लेषण गरिएको देखिँदैन। यस लेखमार्फत न्यायवैशेषिक परमाणुवादको सामाजिक सन्दर्भमा योगदान र यसको वर्तमान प्रासङ्गिकताबारे गहिरो विवेचन प्रस्तुत गरिनेछ। यसका साथै परमाणुवादको सामाजिक पक्षसँग समन्वयात्मक समीक्षा भने अझ आवश्यक रहेको देखिएकाले सामाजिक दृष्टिले न्यायवैशेषिक दर्शनको आधारितशिलामा परमाणुवादको उपयागिता केही हदसम्म यस अध्ययनबाट स्पष्ट पारिनेछ।

## *अध्ययनविधि*

प्रस्तुत लेखमा सामग्रीहरूको सङ्कलनका लागि सम्बद्ध विषय विज्ञहरूसँग परामर्श तथा पुस्तकालयीय अध्ययन पद्धतिलाई अनुसरण गरिएको छ। यस लेखको शीर्षकसँग सम्बन्धित विषयहरू समेटिएका संस्कृत भाषाका मूलग्रन्थहरूका भाष्य र व्याख्याहरूको पनि अध्ययन गरेर सामग्रीहरू सङ्कलन गरिएको छ। प्राच्य दर्शनको वर्तमान समय सापेक्ष विवेचन गरी लेखिएका नेपाली, हिन्दी र अङ्ग्रेजी आदि भाषाका पुस्तकहरूको पनि अध्ययन गरी सामग्री सङ्कलन गरिएको छ। यो अनुसन्धान गुणात्मक प्रकृतिको छ। यो लेख मूल न्यायवैशेषिक सूत्रहरूको अध्ययनमा आधारित छ। सङ्कलित सामग्रीहरूको सत्यापन गरेर निचोड निकाल्न परिचयात्मक, विवेचनात्मक वा विश्लेषणात्मक पद्धति अवलम्बन गरेर तथ्यमूलक र प्रामाणिक अनुसन्धान गर्ने प्रयत्न गरिएको छ। आधुनिक भौतिकशास्त्रसँग केही अंशमा तुलना गरिएको छ। प्राचीन सामाजिक संरचनामा यसको प्रभाव दर्शाउने प्रयत्न गरिएको छ तथा पदार्थ र चेतनाको अन्तर्सम्बन्धको विश्लेषणमा आधारित छ।

## *न्यायवैशेषिक दर्शन र परमाणुवादको स्वरूप*

न्यायदर्शनका प्रवर्तक गौतम र वैशेषिक दर्शनका प्रवर्तक कणाद हुन्। यद्यपि यी दुवै दर्शन स्वतन्त्र रूपमा विकास भएका हुन्। यिनीहरूको सिद्धान्तगत समन्वय भएको पाइन्छ। यो समन्वयमा न्यायदर्शनले प्रमाण मीमांसा र तर्कको प्रधानतामा बल दिएको छ भने वैशेषिक दर्शनले पदार्थ र तदनुरूप पदार्थ वर्गीकरणमा (वै.सू.१।१।४) विशेष जोड दिएको छ। पदार्थ, आत्मा, परमाणु, कार्यकारण सम्बन्ध, प्रमाण आदि मूलभूत विषयहरूको विशेष प्रतिपादनसँगै यी दुवै दर्शनले पदार्थको वास्तविक ज्ञानबाट मोक्ष प्राप्ति हुने उल्लेख गरेका छन् (न्या.सू.१।१।१)।

वैशेषिक दर्शनको परमाणुवादले सबै दृश्य जगत् सूक्ष्म अणुहरूको संयोजनबाट बनेको छ भन्ने मान्यता स्थापित गरेको छ। यो मान्यता आधुनिक विज्ञानको आणविक सिद्धान्तसँग केही हदसम्म मेल खान्छ। वैशेषिक सूत्र र प्रशस्तपाद भाष्यमा वर्णित परमाणुसम्बन्धी अवधारणाहरू आज पनि तर्क तथा दार्शनिक दृष्टिले सशक्त देखिन्छन्। वैशेषिक दर्शनले सबै पदार्थहरूको आधारभूत घटकका रूपमा परमाणुको व्याख्या गरेको छ। परमाणु दृश्य नहुने, अविभाज्य, नित्य, स्वतन्त्र अस्तित्व भएको र गुणयुक्त हुन्छ (अर्याल,२०७८, पृ. ६७)। परमाणुहरूमा निम्नानुसारका विशेष गुणहरू हुन्छन्–

१. ***अणुपरिमाण–*** अत्यन्तै सूक्ष्म परिमाण भएकाले यसलाई इन्द्रियले प्रत्यक्ष देख्न सकिँदैन (वै.सू.७।१।२)।

२. ***नित्यत्व–*** समयको प्रभावले नष्ट नहुने स्थायी अस्तित्व भएको (अर्याल,२०७८ः पृ.६७)।

३. ***द्रव्य–*** गुण तथा कर्मको आश्रय बन्ने योग्यता (मिश्र, १९९५, पृ. ३०६)।

४. ***स्वगुणयुक्तता–*** अलगअलग तत्त्वअनुसार विशेष गुण वहन (भट्टाचार्य, २०६८, पृ. १०४)।

परमाणुहरू स्वभावतः क्रियाशील हुँदैनन्। यिनीहरू कुनै बाहिरी निमित्तकारण (जस्तै– ईश्वरको इच्छाशक्ति वा पूर्व कर्मजन्य धर्म र अधर्मबाट गति उत्पन्न भएर संयोजित हुन्छन्(अर्याल,२०७८,पृ.८४–९५)। यसरी द्वीणुक आदिका क्रमले स्थूल पदार्थहरूको निर्माण गर्छन्। यही संयोजनको

सिद्धान्तलाई न्यायवैशेषिकको कार्यकारणवादअन्तर्गत व्याख्या गरिएको छ।

## परमाणुहरूको संयोग र कार्य-कारण सम्बन्ध

न्यायवैशेषिक दर्शनले कार्यकारण सम्बन्धलाई अतिसूक्ष्म र तार्किक विधिले विश्लेषण गरेको छ। यसमा कार्य कुनै नयाँ वस्तुको उत्पत्ति हो भने कारण त्यसको उत्पत्तिका लागि कारक तत्त्व हो (भट्ट, १९९९, पृ. २६)। परमाणुको सन्दर्भमा यो कार्यकारण सम्बन्ध अतिमहत्त्वपूर्ण हुन्छ । परमाणुहरू एकल रूपमा अचल तथा असंयुक्त हुन्छन्। तर कुनै विशेष कारणले क्रिया उत्पन्न हुन्छ। जस्तै– ईश्वरको प्रेरणाले र जीवको कर्मफलअनुरूप परमाणुहरूमा गति उत्पन्न हुन्छ । यो कारण सधैँ कार्यको पूर्ववर्ती हुन्छ (भट्ट, १९९९, पृ२६)। कारणमा कार्य उत्पादन गर्ने सामर्थ्य रहनुपर्दछ भन्ने तर्कको आधारशिलामा नै न्यायवैशेषिकले कार्यकारणको सम्बन्ध स्थापित गरेको छ। परमाणुहरूबाट निर्मित पदार्थहरू परिवर्तनशील, अनित्य र नश्वर हुन्छन्, तर परमाणुहरू स्वयं नित्य र अविनाशी रहन्छन्। न्याय–वैशेषिक दर्शनको यही दृष्टिले पदार्थ सृष्टि, स्थिति र लयको चक्रका विषयमा स्पष्ट पारेको छ (अर्याल,२०७८, पृ. ८४)।

## परमाणुवादको विवेचन

वैशेषिक सूत्रका मूल प्रवर्तक कणाद हुन्। तर यो दर्शनको गहिरो विवेचना गर्ने कार्य प्रशस्तपादले गरेका छन् । उनले रचना गरेको पदार्थधर्मसङ्ग्रह र त्यसको न्यायकन्दली नामक व्याख्यामा परमाणुवादका विषयमा व्याख्या गरेका छन्। प्रशस्तपादका अनुसार पृथ्वी, जल, तेज र वायुका परमाणुहरू गुण, कर्म र स्थूल द्रव्यको आश्रय हुन् । यिनीहरू स्वतन्त्र अस्तित्व भएका, नित्य, परस्पर भिन्न, तर संयोजनयोग्य अणुहरू हुन् । उनले परमाणुको गति, संयोग, विभाग, गुण र परिणामका बारेमा स्पष्ट रूपमा व्याख्या गरेका छन् (भट्ट, १९९७, पृ. ३२१)।

यी दुइटा परमाणु एकअर्कासँग संयुक्त भएपछि तिनको संयोगले फलस्वरूप उत्पन्न हुने पदार्थ (द्वयणुक) मा नयाँ गुणहरू प्रकट हुन्छन्, जसलाई गुणपरिणाम भनिन्छ। कारणमा भएका गुणहरूले कार्यमा नयाँ गुणहरू आरम्भ गरिदिन्छन् (वै.सू.२।१।२४)। यिनले पदार्थको सृष्टिमा परमाणुहरूको सक्रिय योगदानको धारणा प्रस्तुत गरेकाले यी विचारहरू धेरै यथार्थपरक देखिन्छन् । प्रशस्तपादले सृष्टिको प्रारम्भमा ईश्वरद्वारा सञ्चालित परमाणुहरूमा गति उत्पन्न हुने, त्यसपछिको संयोग प्रक्रियाद्वारा स्थूल पदार्थ निर्माण हुने तथा पुनः प्रलयमा यी पदार्थहरू विघटित भएर परमाणु अवस्थामा फर्कने चक्रका बारेमा पनि स्पष्ट पारेका छन्। यो दृष्टिले प्रशस्तपादको परमाणुवाद भौतिक सृष्टिको विज्ञान मात्र नभएर गूढ दार्शनिक तत्त्वचिन्तन हो, जसले पदार्थको उत्पत्ति, संरचना र विनाशबारे गहन अवधारणा प्रदान गरेको छ।

## न्यायवैशेषिक परमाणुवादको समकालीन सान्दर्भिकता

न्यायवैशेषिक परमाणुवाद प्राच्य शास्त्रीय चिन्तनको उपज भएकाले यसको समकालीन सन्दर्भमा समेत अत्यन्तै सान्दर्भिकता रहेको देखिन्छ। आधुनिक आणविक सिद्धान्त (Atomic Theory) र क्वाण्टम भौतिकशास्त्रमा अणु र अणुभन्दा सूक्ष्म कणहरूको अस्तित्व र क्रियाको सिद्धान्त प्रस्तुत गरिएको पाइन्छ; जसले न्यायवैशेषिकको परमाणु–तत्त्वदर्शनसँग केही मात्रामा साम्य राख्दछ। न्यायवैशेषिक दर्शनले प्रस्तुत गरेको परमाणु नित्य अणुत्वयुक्त र गुणयुक्त हुन्छ भन्ने धारणा, आजको वैज्ञानिक दृष्टिमा स्थिर पदार्थको आधारभूत एकाइ (Elementary Particles) सँग तुलनीय देखिन्छ। साथै पदार्थको उत्पत्ति कार्यकारण सम्बन्धद्वारा सम्भव हुने विचार समकालीन कारणवाद (Causal Determinism) को आधारसँग मेल खान्छ।

आधुनिक विज्ञानअनुसार पनि पदार्थ, चेतना तथा कारणताको अन्तर्सम्बन्धको विषयमा गम्भीर बहसहरू भइरहेका छन् । न्यायवैशेषिकले ईश्वरलाई निमित्तकारण मान्दै परमाणुको क्रियाशीलताको व्याख्या गरेकाले आजको

धर्मविज्ञान समन्वयवादी चिन्तनसँग पनि यसको सङ्गति देखिन्छ (न्या.सू.४ । १ । १९) । यस परिप्रेक्ष्यमा न्याय–वैशेषिक परमाणुवाद केवल ऐतिहासिक मूल्य नभएर चिन्तनात्मक र सैद्धान्तिक रूपमा आधुनिक युगमा पनि सान्दर्भिक छ भन्ने नै हो। यसले प्राचीन दार्शनिक परम्परालाई वैज्ञानिक तर्कदृष्टिको आधारमा पुनः प्रस्तुत गर्ने महत्त्वपूर्ण सम्भावना देखाउँछ। प्राच्य तर्कपद्धति तथा पदार्थहरूको समीक्षा प्रस्तुत गर्ने न्याय र वैशेषिक दर्शनले समष्टिगत जगत्को वास्तविकता बुझ्न विश्लेषणात्मक दृष्टिकोण अपनाएका छन्। परमाणु सिद्धान्त यी दर्शनहरूको एउटा मूल आधार हो, जसले समग्र भौतिक जगत्को मूल तत्त्वलाई अतिसूक्ष्म, अविभाज्य र नित्य परमाणुका रूपमा स्वीकार गरेको छ। वैशेषिक दर्शनका प्रवर्तक कणादले सर्वप्रथम परमाणु सिद्धान्त प्रस्तुत गरे (वै. सू., ४।१।२)। त्यसपछि गौतम महर्षिले प्रवर्तन गरेको न्यायदर्शनले वैशेषिकको सिद्धान्तलाई तर्क र ज्ञानमीमांसाका माध्यमबाट प्रमाणहरूको विस्तृत विवेचन गर्दै विस्तार गर्‍यो (न्या. सू. १।१।३)।

परमाणु सिद्धान्तको व्याख्या गरेको 'पदार्थधर्मसङ्ग्रह' ग्रन्थमा परमाणु नित्य र अत्यन्तै सूक्ष्म हुने विषय निरूपण गरेको प्रसङ्ग माथि उल्लेख गरियो । अब परमाणुहरूमा गतिका सन्दर्भमा चर्चा गरिन्छ । परमाणुहरू स्वभावतः गतिरहित भए तापनि दैविक प्रेरणा तथा जीवका पाप र पुण्यात्मक कर्मका कारण तिनले गतिशील हुन्छन् (त्रिपाठी, २०१८, पृ. १२३)। दुइटा परमाणु एकीकृत भएर द्व्यणुक र तिनै द्व्यणुकहरूबाट त्र्यणुक, चतुरणुक हुँदै स्थूल पदार्थहरू निर्माण हुन्छन्। पदार्थको उत्पत्ति एउटा अत्यन्तै सूक्ष्म प्रक्रिया हो। न्याय वैशेषिकको स्वतन्त्र परमाणुहरूको संयोजनले दृश्य पदार्थ निर्माण हुने मान्यता रहेको छ।

परमाणुमा प्रत्यक्ष मापन गर्न सक्ने आकार नभए पनि रूप, रस, गन्ध आदि गुणहरू सूक्ष्म रूपले विद्यमान हुन्छन्। पृथ्वी परमाणु, जल परमाणु, तेज परमाणु, वायु परमाणुसहित परमाणु चार प्रकारका हुन्छन्। यिनीहरूमा आआफ्नै विशेष गुण हुन्छ। यसको सिद्धि अनुमान प्रमाणका आधारमा गरिएको छ (मिश्र, २००३, पृ.३४५)। परमाणुहरू आपसमा मिलेर द्व्यणुक (दुई परमाणुको समूह) र तीन परमाणुहरू (त्र्यणुक) को र त्यसपछि स्थूल पदार्थहरू निर्माण हुने अवधारणा कणादले प्रस्तुत गरेका छन् (वै.सू. ७ । १ । ९) । अर्थात् दुई परमाणुको संयोगले द्व्यणुक उत्पन्न हुन्छ । यो संयोजन ईश्वरको नियम, स्वभाव र व्यक्तिको कर्मका प्रभावमा हुने माथि स्पष्ट पारियो ।

वैशेषिक दर्शन विशेष गरी पदार्थको विविधता, गुण, कर्म, सामान्य, विशेष (विशेषता) र समवाय र अभावजस्ता विषयहरूको समीक्षामा केन्द्रित छ। परमाणुवादको प्रत्येक अनित्य स्थूल वस्तु अत्यन्तै सूक्ष्म अणुहरूको संयोजनबाट बन्ने मूल मान्यता रहेको छ । अणुहरू स्वतन्त्र अस्तित्व भएका अविभाज्य घटक हुन्। अलगअलग गुण भएका अणुहरूको संयोजनले पदार्थमा विविधता ल्याउँदछ । परमाणुहरूलाई चेतन प्रपञ्चभन्दा अलग तथा स्वतन्त्र मानिन्छ। वैशेषिक दर्शनमा पृथ्वी, जल, तेज र वायुका दुईदुई स्वरूपको चर्चा गरेको छ। प्रथम स्वरूपलाई नित्य अविनाशी परमाणु भनिन्छ र दोस्रो स्वरूपलाई स्थूल विनाशी र कार्यका रूपमा चिनाइएको छ (अर्याल,२०७८, पृ. ६७)। यसरी पृथ्वी, जल, तेज र वायुका चार प्रकारका परमाणुहरू वर्णित छन्। प्रत्येकमा निजी गुणहरू छन् र ती कारणगत गुणहरूबाट तिनका कार्यगत पदार्थमा पनि नयाँ गुणको आरम्भ हुन्छ। यही क्रमले विभिन्न पदार्थहरू निर्माण हुन्छन्।

## *न्यायवैशेषिक दर्शनको परमाणुवादको बौद्धिक महत्त्व*

पदार्थको मूलभूत विश्लेषणात्मक दृष्टिकोण, तर्क र प्रमाणमा आधारित ज्ञान प्राप्तिको प्रविधि, वस्तुहरूको कार्यकारण सम्बन्धमा गहिरो विचार, भिन्न पदार्थबिचको एकता र विभिन्नताको वैज्ञानिक व्याख्या आदि न्यायवैशेषिक परमाणुवादले दिएको बौद्धिक योगदान हो । उपर्युक्त विषयहरूले आधुनिक अनुसन्धान, भौतिक विज्ञान, औषधि विज्ञान, सूचना प्रविधि आदिमा सोच्ने तरिकालाई

नै प्रभावित गर्ने शक्तिको सम्भावना राख्दछन्।

## *परमाणुवाद र सामाजिक संरचनाको सिद्धान्त*

व्यक्ति, समूह र संस्थाहरूको संयोजनले सामाजिक संरचना बनेको हुन्छ। समाजलाई सूक्ष्म रूपमा बुझ्ने प्रयास गर्दा न्यायवैशेषिक दृष्टिले समाज परमाणुहरूको संयोजनका रूपमा हेरेको छ। यो दृष्टिकोणले निम्न सामाजिक अवधारणा स्पष्ट पार्न सहयोग गर्छ–

१. ***व्यक्तिको स्वतन्त्र अस्तित्व***– परमाणु स्वतन्त्र अस्तित्व भएको हुन्छ । यसैगरी व्यक्तिले पनि आफ्नै अस्तित्व र मूल्य राख्दछ।

२. ***समष्टिगत समन्वय***– अलगअलग परमाणुहरूको संयोजनबाट एउटा पदार्थ बनेजस्तै विभिन्न व्यक्तिहरूको समन्वयबाट स्वस्थ समाज निर्माण हुन्छ । गुण र विशेषताअनुसार वस्तुहरूमा विविधता रहन्छ। यसैगरी व्यक्तिहरूका विभिन्न क्षमता, गुण र स्वभावले समाजमा विविधता ल्याउँछ । यसरी हेर्दा परमाणुवादी दृष्टिले समाजमा व्यक्तिको स्वतन्त्रता र समानताको महत्त्वलाई दार्शनिक समर्थन गरेको देखिन्छ।

३. ***न्यायवैशेषिक परमाणुवाद र सामाजिक सहिष्णुता***– न्यायवैशेषिक दर्शनले अनेकौं प्रकारका गुणले परिपूर्ण परमाणुहरूको सहअस्तित्व स्वीकार गर्छ। यसले विविधताभित्र एकता र सहिष्णुता रहेको सन्देश प्रवाहित गरेको छ । आजको बहुसांस्कृतिक र बहुभाषिक समाजमा विभिन्न जाति, धर्म, भाषा र विचारधाराका मानिसहरूको सहअस्तित्व अपरिहार्य छ।

## *न्यायवैशेषिक परमाणुवादबाट ज्ञातव्य विषय*

वस्तुको भेद स्वाभाविक हो । पदार्थहरूजस्तै परस्परमा सहअस्तित्व सम्भव छ। समाजमा पनि समन्वय सन्तुलित र संयमित ढङ्गले हुनुपर्छ । प्रत्येक घटक (व्यक्ति वा समूह) को विशेषता स्वीकार्नु सामाजिक समृद्धिको आधार हो। यसर्थ विशेष नाम भएको पदार्थको उपादेयता अपरिहार्य छ।

## *विज्ञान र प्रविधिको विकासमा प्रेरणा*

न्यायवैशेषिक परमाणुवादको वैज्ञानिक सोचले आजका अनेक आधुनिक प्रविधिको विकासको दार्शनिक पूर्वपीठिका बनाएको छ। यसले तर्क, दार्शनिक विश्लेषण र पदार्थ विज्ञानको प्रारम्भिक अवधारणा एकैसाथ प्रस्तुत गरेको छ। यसले पदार्थको रूप र ज्ञानप्राप्तिको प्रक्रियामा गहन दृष्टिकोण राखेको छ। आधुनिक सन्दर्भमा समेत यसका अवधारणाहरू उपयोगी रहेका छन्। उद्देश्य, लक्षण र परीक्षाका (वात्स्यायन, १९९८, पृ. १७) क्रमले पदार्थ संरचनाको अनुसन्धान गरेको हुनाले न्यायवैशेषिकको परमाणुसिद्धान्तले (रसायनशास्त्र र भौतिकशास्त्र) आदिको विश्लेषणमा समेत मद्दत गर्छ। सूक्ष्मजीव विज्ञान न्यायिक प्रमाण सङ्कलनका क्षेत्रमा यसले युवा पुस्तालाई अनुसन्धान गर्ने कार्यप्रतिको आकर्षण बढाउन, वैज्ञानिक सोच प्रवर्द्धन गर्न तथा नवीन आविष्कारहरूमा प्रेरित गर्न मार्गप्रशस्त गरेको छ।

## *न्यायवैशेषिक दर्शन र शान्तिपूर्ण समाजको स्थापना*

परमाणुवादले व्यक्तिहरूको स्वतन्त्र अस्तित्व र गुणहरूको स्वरूपका विषयमा स्पष्ट रूपमा बताएको छ। जुन समयमा समाजले प्रत्येक व्यक्तिको अस्तित्व तथा विशेषतालाई आदर गर्न थाल्दछ; त्यस समयमा सामाजिक द्वन्द्व न्यून हुन्छ। यसबाट सहयोग र समन्वय बढ्न थाल्दछ र समावेशी तथा दिगो समाज निर्माण हुन्छ। सामाजिक न्याय, समान अवसर र समभावले भावनाको विकास सम्भव हुन्छ।

## *नीति र नेतृत्वमा यसको उपयोग*

नेतृत्व र नीतिनिर्माणमा कुनै ठुलो संरचना (जस्तै– राष्ट्र) व्यक्तिगत इकाइहरू (नागरिक) को समन्वयबाट

बन्ने आधार न्यायवैशेषिक परमाणुवादले दिएको छ। प्रत्येक इकाइ (व्यक्ति) लाई उचित स्थान तथा सम्मान दिनुपर्छ। नीतिमा विविधता स्वीकार गर्दै सन्तुलनमा ध्यान दिनुपर्ने कुरा पनि उत्तिकै महत्त्वका साथ हेर्नुपर्छ। यसले लोकका लागि कल्याणकारी शासन र लोकतान्त्रिक व्यवस्थाको विकासमा मद्दत पुऱ्याउँदछ।

## *शिक्षा क्षेत्रमा न्यायवैशेषिक परमाणुवादको उपयोगिता*

लक्षणसहित प्रत्येक पदार्थलाई स्वतन्त्र र अर्थपूर्ण रूपमा चिनाउने न्यायवैशेषिक दर्शनको परमाणुवादका माध्यमद्वारा प्रत्येक विद्यार्थीलाई स्वतन्त्र इकाइका रूपमा हेर्ने दृष्टि विकास र एकै किसिमको शिक्षापद्धतिभन्दा व्यक्तित्वअनुरूप शिक्षा दिनुपर्ने अवधारणा बलियो हुन्छ। विविध गुण र रुचिका आधारमा विद्यार्थीहरूको सम्मान गर्दै तदनुरूप शिक्षा दिनुपर्ने कुरामा जोड दिँदै यसले शिक्षा प्रणालीलाई अत्यधिक मानव केन्द्रित र प्रभावकारी बनाउन सहयोग गर्छ।

## *निष्कर्ष*

वर्तमान सन्दर्भमा परमाणुसम्बन्धी अवधारणाको व्यावहारिक उपयोगिता, प्रभाव र यसको औचित्यमाथि नयाँ दृष्टिले अध्ययन गर्न जरुरी देखिन्छ। न्यायवैशेषिक दर्शनको परमाणुवाद पदार्थको सिद्धान्त मात्र नभएर सामाजिक दर्शनको पनि आधार हो। व्यक्ति स्वतन्त्र परमाणुसरह हुन्, जसको सही संयोजनले सुन्दर समाजको निर्माण हुन्छ। विविधता स्वीकार गर्दै, स्वतन्त्रता र समन्वयलाई सम्मान गर्दै अघि बढ्दा मात्र सुसंस्कृत, समृद्ध र शान्तिपूर्ण समाज सम्भव हुन्छ। न्यायवैशेषिक दर्शनले प्रतिपादन गरेको परमाणुवाद प्राच्य दर्शन परम्पराको एक अद्वितीय उपलब्धि हो। यसले पदार्थ, गुण, क्रिया र सम्बन्धहरूको विश्लेषण गर्दै सूक्ष्म चिन्तनको एक परिपक्व स्वरूप प्रस्तुत गरेको छ। यस चिन्तनले प्राचीन समाजमा वैज्ञानिक प्रवृत्ति र शिक्षामा महत्त्वपूर्ण योगदान पुऱ्याएको छ। आज पनि वैज्ञानिक सोच, विविधताको स्वीकार्यता र तर्कमा आधारित शिक्षा प्रणालीमा यसको अप्रत्यक्ष प्रभाव देखिन्छ। यो सिद्धान्त आज पनि उत्तिकै सान्दर्भिक छ। यसले प्रतिपादन गरेको परमाणुवाद केवल प्राचीन दार्शनिक चिन्तनको एउटा उपपत्तिमात्र नभएर पदार्थमीमांसाको एक सशक्त र वैचारिक मानक पनि हो। महर्षि कणादले प्रस्तुत गरेको परमाणुसिद्धान्त र प्रशस्तपादले त्यसको गहन व्याख्याद्वारा समस्त दृश्य जगत्को मूलभूत संरचना बुझाउन गरेको प्रयास दार्शनिक, तात्त्विक र वैज्ञानिक दृष्टिले महत्त्वपूर्ण देखिन्छ। परमाणु, संयोग, कार्यकारण सम्बन्ध, गुण, कर्म आदि सिद्धान्तहरू न्यायवैशेषिक दर्शनका अद्वितीय योगदान हुन्। यसले आज पनि वैज्ञानिक चिन्तनसँग तुलनात्मक संवाद गर्न सक्ने सामर्थ्य राख्दछ। समकालीन विज्ञानमा आणविक र पारमाणविक कणहरूको अध्ययनले न्याय–वैशेषिकको सूक्ष्मदर्शी दृष्टिकोणलाई पुष्टि गर्छ। यसको तात्त्विक आधारले पदार्थ र चेतनाको पारस्परिक सम्बन्धका बारेमा आजको दार्शनिक विमर्शमा समेत योगदान दिन सक्तछ। यसर्थ न्यायवैशेषिक परमाणुवादले समयको सीमाभन्दा पर गएर सत्य र अस्तित्वबारेको जिज्ञासालाई सन्तुलित तर्कदृष्टिबाट सम्बोधन गरेको छ। यसको गहिराइ, तार्किकता र समकालीन सान्दर्भिकता अध्ययनयोग्य र प्रचारयोग्य विषयवस्तुका रूपमा आज पनि जीवित छ। प्राच्य दर्शनभित्रको महत्त्वपूर्ण यो सिद्धान्त तात्त्विक प्रेरणाको एक अमूल्य स्रोत पनि हो। आजको विश्वपरिवेशमा न्यायवैशेषिक दर्शनको परमाणुवादले सूक्ष्म र अत्यन्तै महत्त्वपूर्ण सामाजिक सन्देश प्रवाहित गरेको छ। अतः यसको पुनर्विचार र आधुनिक सन्दर्भमा पुनः प्रयोग गर्नु वर्तमान समयको आवश्यकता पनि हो।

## *सन्दर्भ ग्रन्थसूची*

अर्याल, केशवशरण (२०६८). *प्रशस्तपादभाष्य नेपाली अनुवाद तथा तात्पर्यचन्द्रिका व्याख्यासमेत.* काठमाडौँ : नेपाल प्रज्ञा–प्रतिष्ठान।

गौतम, (१९८६). *न्यायदर्शनम्.* दिल्ली : चौखम्वा संस्कृत प्रकाशन।

ठक्कुर, अनन्तलाल (सम्पा.) (१९६७). *न्यायदर्शनम्.* दरभङ्गा : मिथिलाविद्यापीठ
प्रशस्तपादाचार्य (१९९७). *प्रशस्तपादभाष्यम्.* (सं. श्रीदुर्गानन्द झा). (द्वितीय संस्करण). वाराणसी : सम्पूर्णानन्द संस्कृत विश्वविद्यालय।
भट्ट, अन्नम् (१९९९). *तर्कसङ्ग्रहः.* (व्याख्याकारः आचार्यः केदारनाथ त्रिपाठी). दिल्ली : मोतिलाल वनारसीदास।
भट्टाचार्य, विनाथ (२०६८). *न्यायसिद्धान्तमुक्तावली.* (व्या. कृष्णवल्लभाचार्यः). वाराणसी : चौखम्वा संस्कृत संस्थानम्।
मिश्र, केशव (१९९५). *तर्कभाषा.* (व्या. गजाननशास्त्री मुसलगाँवकर). (तृतीय संस्करणम्). वाराणसी : चौखम्बाविद्याभवन।
राधाकृष्णन, एस (१९२३). *भारतीय दर्शन.* (प्रथम खण्ड). अक्सफोर्ड विश्वविद्यालय प्रेस।
वात्स्यायन (१९९८). *न्यायभाष्यम्.* (व्या. सुदर्शनाचार्य). वाराणसी : बौद्धभारती।
शर्मा, चन्द्रधर, (२००४). *भारतीय दर्शन : आलोचन और अनुशीलन.* (द्वितीय संस्करण). दिल्ली : मोतीलाल वनारसीदास।
Chatterjee, S. C. (1978). *The Nyaya Theory of Knowledge.* University of Calcutta.
Matilal, B. K. (1994). *The Character of Logic in India.* SUNY Press.
Chatterjee, S. C. (1978). *The Nyaya Theory of Knowledge*. University of Calcutta.
Hiriyanna, D. (1949). *Outlines of Indian Philosophy*. Motilal Banarsidass.
Sharma, C. (2001). *A Critical Survey of Indian Philosophy.* Motilal Banarsidass.